# वार्षिक प्रतिवेदन

## आ.व. २०८१/२०८२

### मधेश प्रदेश सरकार

## प्रदेश नीति तथा योजना आयोग

जनकपुरधाम, नेपाल



# वार्षिक प्रतिवेदन

## आ.व. २०८१/८२

मधेश प्रदेश सरकार

प्रदेश नीति तथा योजना आयोग

जनकपुरधाम, धनुषा

**प्रकाशकः**

मधेश प्रदेश सरकार

**प्रदेश नीति तथा योजना आयोग**

जनकपुरधाम, धनुषा, नेपाल

फोनः ०४१-५२२९१९

मोबाईल नं. ९८५४०५०४२६

इमेलः info.pppc@madhesh.gov.np

वेबसाइटः www.pppc.madhesh.gov.np

**©प्रतिलिपि अधिकारः**

प्रदेश नीति तथा योजना आयोग

जनकपुरधाम, धनुषा, मधेश प्रदेश, नेपाल

**मुद्रण तथा ले-आउटः**

# प्रदेश नीति तथा योजना आयोगको हालको संरचना



**माननीय कृष्ण प्रसाद यादव**

माननीय मुख्यमन्त्री तथा प्र.नी.यो.आ. का अध्यक्ष



**माननीय राज कुमार सिंह**

उपाध्यक्ष



मा. नवल किशोर यादव

सदस्य



श्री सेवन्तक पोखरेल

सदस्य सचिव

मधेश प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोग
जनकपुरधाम, नेपाल।

प.सं. २०८२/०८३

च.नं.

Ph No.- 041522919

Email: info.pppc@madhesh.gov.np

website: pppc.madhesh.gov.np

## मन्तव्य

मधेश प्रदेशको आर्थिक-सामाजिक रूपान्तरणका लागि योजनाबद्ध विकासको ठूलो महत्त्व रहन्छ। प्रदेश सरकारलाई अल्पकालीन तथा दीर्घकालीन नीति एवं योजना तर्जुमामा सघाउन, कार्यक्रमहरूको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गर्न र वस्तुनिष्ठ सल्लाह, सुझाव एवं पृष्ठपोषण प्रदान गर्न **प्रदेश नीति तथा योजना आयोग** क्रियाशील रहँदै आएको छ।

यसै सन्दर्भमा, आयोगले प्रादेशिक नीति निर्माणमा प्रदेश सरकारसँग निरन्तर समन्वय गर्दै आवश्यक रणनीतिक योजनाहरू तर्जुमा गरेको छ। प्रदेश सरकारका प्राथमिकताहरूलाई कार्यान्वयन गर्न तथा योजनाहरूको अनुगमन र मूल्याङ्कनका लागि सम्बद्ध मन्त्रालयहरू एवं निकायहरूसँग सहकार्य हुँदै आएको छ। आयोगका तर्फबाट सम्पादित तिनै मुख्य कार्यहरू र हासिल भएका उपलब्धिहरूलाई सम्पूर्ण सरोकारवालाहरू समक्ष पारदर्शी रूपमा प्रस्तुत गर्ने उद्देश्यले यो **वार्षिक प्रगति प्रतिवेदन** तयार गरिएको हो।

यस प्रतिवेदनमा आर्थिक वर्ष २०८१/८२ मा आयोगबाट सम्पादित कामहरूको प्रगति, कार्यसम्पादनका क्रममा भोग्नुपरेका चुनौती तथा समस्याहरू, तिनको समाधानका लागि गरिएका प्रयासहरू र आयोगको भावी कार्यदिशा समावेश गरिएको छ। यो प्रतिवेदनले प्रदेशको आगामी विकास यात्रालाई दिशानिर्देश गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास लिएको छु।

अन्त्यमा, आयोगको गरिमालाई उच्च राख्न र नीति निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याउनुहुने आयोगका निवर्तमान उपाध्यक्ष तथा सदस्यहरू: **डा. सोहन प्रसाद साह,** **मा. डा. शिला मिश्र, मा. राम चन्द्र यादव, मा. डा. रिना यादव, मा. ललिता कुमारी यादव, मा. उपेन्द्र कुमार यादव** तथा सदस्य सचिव **श्री राम कुमार महतो** लगायंत आयोगका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूलाई हृदयदेखि नै धन्यवाद ज्ञापन गर्दछु।

माननीय उपाध्यक्ष
राज कुमार सिंह
प्रदेश नीति तथा योजना आयोग

# विषयसूची

परिच्छेदः-१ .......................................................................... १
१.१ पृष्ठभूमि.......................................................... १
१.२ प्रदेश नीति तथा योजना आयोगको काम, कर्तव्य र अधिकार :........... ३
१.३ प्रदेश नीति तथा योजना आयोगको गठन.................................. ५
१.६ प्रदेश नीति तथा योजना आयोगमा कार्यरत कर्मचारी .................... ९
२. आर्थिक वर्ष २०८१/८२ मा सम्पादन गरेका मुख्य मुख्य कामहरु........१५
२.१ मध्यमकालिन खर्च संरचना तयारी.............................................१५
२.२ प्रदेश सरकारको नीति तथा कार्यक्रम तयारी..................................१९
२.३ प्रादेशिक मन्त्रालय तथा निकायहरुसंग समन्वय र अन्तरक्रिया..........२०
२.४ विकास निर्माणमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय साझेदार संस्थाहरु सँगको समन्वय तथा सहयोग ..............................................................२०
२.६ प्रदेश आयोजना बैंक सञ्चालन निर्देशिका, २०८१ ..........................२४
२.७ दिगो विकास लक्ष्य उन्मुख प्रदेश पाश्वचित्र २०८२.........................२५
मधेश प्रदेश स्तरमा दिगो विकास लक्ष्य (SDG) समीक्षाका उद्देश्यहरूः ........ २५
परिच्छेद ३ .............................................................................. २७
३.१ आ.व. २०८१/८२ मा प्रदेश नीति तथा योजना आयोगको वित्तीय प्रगति ............................................................................................ २७
परिच्छेद ४............................................................................... ३२
४.आयोगको प्रमुख चुनौती तथा समस्याहरु........................................ ३२
४.१ प्रमुख चुनौती तथा समस्याहरु................................................... ३२
४.२ चुनौती सामाधानको लागि गरिएको प्रयासहरु.................................३३
परिच्छेदः ५ .............................................................................३४
५.आयोगको भावी योजना...........................................................३४
५.१ अध्ययन अनुसन्धान तथा दस्तावेज तयारी ...................................३४
५.२ परियोजना बैकको निर्देशिका तयारी, अद्यावधिक तथा सफ्टवेयर निर्माण..३४

५.३  प्रदेश र स्थानीय तह बीच समन्वय र सहकार्य ............................ ३४
५.४  स्थानीय तहलाई योजना तर्जुमा प्रक्रियामा सहयोग ......................... ३५
५.५ नीति निर्माण ........................................................ ३५
५.६ अनुगमन तथा मूल्यांकन ................................................ ३५
परिच्छेद:६ ........................................................... ३७
६. आ.व. २०८१/०८२ मा सम्पन्न भएका केही महत्त्वपूर्ण कार्यक्रमहरुको प्रतिवेदन ..... ३७
६.१ संघीय विशेष तथा समपूरक अनुदान कार्यक्रम .............................. ३७
६.१  दोस्रो नीति संवाद कार्यक्रम .......................................... ३८
६.२ (तेस्रो) नीति संवाद कार्यक्रम ......................................... ३९
६.३ (चौथौं) नीति संवाद कार्यक्रम ......................................... ३९
६.४  (पाँचौ) नीति संवाद कार्यक्रम ......................................... ४०
६.५ (छैठो) नीति संवाद कार्यक्रम .......................................... ४२
६.७ (सातो) नीति संवाद कार्यक्रम .......................................... ४२
६.८ (आठौं) नीति संवाद कार्यक्रम .......................................... ४२
६.९ (नवौ) नीति संवाद कार्यक्रम ........................................... ४३
६.१० पहिलो प्रदेश विकास समस्या समाधानको बैठक ............................. ४७
अनुसूची १ ............................................................ ५६
अनुसूची २ ............................................................ ५८
अनुसूची ३ ............................................................ ६०
अनुसूची ४ ............................................................ ६३
अनुसूची ५ ............................................................ ६५

# परिच्छेदः-१

## प्रारम्भिक

### १.१ पृष्ठभूमि

नेपालको संविधानले संघीयतालाई राज्य संचालनको मूल आधार मानेको छ ।यस संविधानले राज्यको संरचनालाई संघ, प्रदेश र स्थानीय तीन तहमा विभाजन गरी अनुसूची ४ मा जिल्ला समेत तोकी सात वटा प्रदेशको व्यवस्था गरेको छ ।संविधानको यही प्रावधान अनुसार मधेश प्रदेश सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा गरी आठ वटा जिल्लाहरु मिलेर बनेको छ। यस्तै संविधानले संघ, प्रदेश र स्थानीय तहका आ-आफ्नो अधिकार र कार्यक्षेत्र तोकेको छ । राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी प्रदेशको एकल अधिकार संविधानको अनुसूची ६ मा, संघ र प्रदेशको साझा अधिकार अनुसूची ७ मा संघ, प्रदेश तथा स्थानीय तहको साझा अधिकार अनुसूची ९ मा व्यवस्था गरिएको छ ।संविधानले परिलक्षित गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर बनाउँदै सामाजवाद उन्मूख अर्थतन्त्रको विकास गर्ने प्रमुख दायित्व संघीय सरकारको राष्ट्रिय कार्यसूचीमा रहेको छ र संघीय शासन व्यवस्थापनमा राज्यको तीनै तहमा आर्थिक सामाजिक विकासका प्रयासलाई राष्ट्रिय विकास योजनासंग आवद्ध गर्दै, सहकारिता, सहअस्तित्व र समन्वयका आधारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्तीय दायरा भित्र रही समष्टिगत आर्थिक स्थायित्व कायम गरी संघीय वित्त प्रणालीलाई सुदृढ बनाउन विकास वित्तको परिचालन गर्नुपर्ने अवस्था विद्यमान रहेको छ । उपलब्ध स्रोत साधनको न्यायोचित बाँडफाँड तथा उपयोग गरी नागरिकलाई

गुणस्तरीय सेवा र मर्यादित जीवन प्रवर्द्धन गर्ने दिशामा विकासका योजना तथा कार्यक्रमको नतिजाको सुनिश्चिताको लागि कार्यक्रम पूर्ण रुपमा कार्यान्वयन गर्नुपर्ने हुन्छ ।
प्रदेश सरकारले आफ्नो प्रदेशको सन्तुलित र समष्टिगत विकासका लागि आवश्यक नीति, रणनीतिक विषयक्षेत्रका दीर्घकालीन मध्यकालीन र वार्षिक विकास योजना बनाउने तथा प्रदेशको आवश्यक नीति निर्माण कार्यमा प्रदेश सरकारलाई सहयोग पुर्याउने मुख्य जिम्मेवारी सहित "प्रदेश नीति आयोग गठन तथा कार्य सञ्चालन ऐन,२०७५" अनुसार प्रदेश नीति आयोगको गठन भएको हो । पछि प्रदेश सरकारको निर्णयबाट यस आयोगको" प्रदेश नीति तथा योजना आयोग" नामाकरण गरिएको हो। प्रदेश सरकारका माननीय मुख्यमन्त्रीको अध्यक्षता रहने गरी आयोगमा प्रदेश सरकारबाट नियुक्त एक जना उपाध्यक्ष, कम्तिमा एक जना महिला सहित ६ जना सदस्य र अर्थ मन्त्रालयका प्रदेश सचिव सदस्य सचिव रहने गरी आयोग गठन हुने र आयोगको आर्थिक तथा दैनिक प्रशासनिक काम कारवाही संचालन गर्न एक सचिवालय रहने व्यवस्था छ ।

संघीय राज्य व्यवस्था अनुकूल राज्य सञ्चालनको पुर्नसंरचना अनुसार प्रदेश र स्थानीय तहको विकास प्रयासलाई प्रदेशको समग्र विकाससँग आवद्ध गर्नुपर्ने छ । त्यसैले दीर्घकालीन सोच सहितको कार्यन्वयन योग्य योजनाको तर्जुमा,नीतिगत तथा कार्यक्रम कार्यन्वयनमा देखापर्ने जटिलताको सरलीकरण,स्रोतको आँकलन, पहिचान र प्राथमिकीकरणका आधारमा न्यायोचित वितरण, वित्तीय संघीयताको कार्यान्वयन, मध्यमकालीन खर्च संरचनाको निर्माण तथा सुदृढिकरण, नतिजामूलक अनुगमन तथा मूल्यांकन

योजनाको प्रभावकारी बनाउनका लागि प्रथम आवधिक योजनाको तर्जुमा सँगै उक्त योजनाको कार्यान्वयनको चरणमा प्रवेश गरेका छौं ।

## १.२ प्रदेश नीति तथा योजना आयोगको काम, कर्तव्य र अधिकार :

"प्रदेश नीति आयोग गठन तथा कार्य संचालन ऐन, २०७५" मा उल्लेख गरिए अनुसार आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन्।

क) प्रदेश विकासको सम्भावना र अवसरलाई अध्ययन गरी अल्पकालीन, मध्यकालिन र दीर्घकालीन नीति र योजनाको तर्जुमा, अनुगमन र मूल्यांकन गर्ने ।

ख) प्रदेश नीति तथा योजनाको तर्जुमा, अनुगमन र मूल्यांकन गर्नका लागि प्रदेश सरकारका संरचना र संयन्त्रसंग समन्वय र सहकार्य गर्ने ।

ग) प्रदेशको समग्र आर्थिक एवं सामाजिक विकासका लागि विषय/क्षेत्रगत नीति तर्जुमा, अनुगमन तथा मूल्यांकन गर्ने ।

घ) संविधान बमोजिम राज्यको निर्देशक सिद्धान्त तथा नीतिको अधिनमा रही सामाजिक न्यायको दृष्टिकोणबाट प्रदेशका नागरिकलाई प्रदेशको समग्र विकास प्रक्रिया र त्यसको प्रतिफलमा पहुँच अभिवृद्धि गराउने गरी योजना तथा नीति तर्जुमा गर्ने ।

ङ) आर्थिक, सामाजिक विकासका समग्र पक्षको बारेमा प्रदेश तथ्यांक संकलन तथा प्रशोधन, अध्ययन, अनुसन्धान गरी वा गराई संप्रेषण गर्ने गराउने,

च)	आर्थिक विकासको लागि आवश्यक पर्ने स्रोत र साधनको आकँलन तथा पहिचान गर्ने र परिचालन गराउन सहयोग गर्ने ,

छ)	प्रदेशको समग्र विकासको लागि अवलम्वन गर्नु पर्ने नीतिको सम्बन्धमा प्रदेश सरकारलाई सुझाव दिने,

ज)	प्रदेशको सन्तुलित विकासका लागि प्रदेशको नीति र रणनीति तर्जुमा गर्ने,

झ)	प्रदेशको गरिवी निवारणको रणनीति तर्जुमा गरी निश्चित अवधि भित्र प्रदेशको आर्थिक उन्नतिका अवसर सिर्जना गर्न कार्यक्रम सञ्चालन गर्ने,

ञ)	विभिन्न विकास आयोजनाको कार्यान्वयन र प्रतिफलको समीक्षा गर्ने,

ट)	आवधिक योजना अनुरुप वार्षिक विकास कार्यक्रम, लक्ष्य तथा प्राथमिकता निर्धारण गर्ने ,

ठ)	आर्थिक मामिला तथा योजना मन्त्रालयसँग समन्वय गरी वार्षिक विकास कार्यक्रमका लागि बजेट सीमा निर्धारण गर्ने,

ड)	प्रदेश मन्त्रालय, सचिवालय, विभाग तथा निकायहरुले तयार गरेका योजनाको स्वीकृतिको लागि सहमति दिने र क्षेत्रगत नीति तर्जुमा गर्न सहयोग पुरयाई कार्यान्वयनको लागि सुझाव तथा निर्देशन दिने,

ढ)	विभिन्न निकायबाट पेश भएको विकास आयोजनाको प्रस्तावको मूल्यांकन गरी आवश्यकता अनुसार स्वीकृत गर्ने,

ण)	स्वीकृत कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न सम्बन्धित निकायलाई निर्देशन दिने,

त) प्राकृतिक स्रोतको दिगो तथा कुशल ब्यवस्थापनको लागी आवश्यक नीति तथा योजना बनाउने,

थ) प्रदेशको लागि आवश्यक मानव संसाधन विकासको लागि दीर्घकालीन तथा अल्पकालीन योजना तर्जुमा गर्ने,

द) प्रदेशको प्राथमिकता प्राप्त आयोजनाको पहिचान गरी निर्धारण गर्ने ।

यस्तै ऐनले आयोगलाई नीति तथा कार्यक्रम तयारी,योजना स्वीकृति,प्रदेश सरकारका विभिन्न मन्त्रालयहरु सँग समन्वय कायम गर्ने जिम्मेवारी प्रदान गरेको छ । आयोगले आर्थिक वर्ष भित्र सम्पादन गरेका कामहरुको प्रतिवेदन आर्थिक वर्ष सम्पन्न भएको पहिलो चौमासिकमा प्रदेश सरकार समक्ष पेश गर्ने कानुनी व्यवस्था रहेको छ ।

## १.३ प्रदेश नीति तथा योजना आयोगको गठन

माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा गठित प्रदेश नीति तथा योजना आयोगमा हालको संरचनामा पूर्णकालीन उपाध्यक्ष, कम्तिमा एक जना महिला सहित बढिमा ६ जना सदस्यहरु र आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रदेश सचिव सदस्य सचिव रहने व्यवस्था छ । आ.व. २०८१/८२ मा यस आयोगको संरचना यस प्रकार रहेको छ ।

| क्र.सं. | नाम | पद | सम्पर्क नम्बर | ईमेल | कैफियत |
|---|---|---|---|---|---|
| १ | मा. सतिश कुमार सिंह | अध्यक्ष | ९८४५०३३३२६ | | प्रदेश सरकारको मुख्यमन्त्री अध्यक्ष हुने प्रावधान रहेको |
| २ | डा. सोहन प्रसाद साह | उपाध्यक्ष | ९८०३१७६९२४ | sohansha2018@gmail.com | |
| ३ | मा. डा. हरिशंकर प्रसाद साह | सदस्य | ९८५५०२३४०५ | harishankarsahnp@gmail.com | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | मा. डा. शिला मिश्र | सदस्य | ९८१८२७३६७८ | mishrashila526@gmail.com | |
| ५ | मा. डा. रिना यादव | सदस्य | ९८१३४१७६०६ | vijayrng@gmail.com | |
| ६ | मा. राम चन्द्र यादव | सदस्य | ९८४४०२५६५९ | ४५५७९८१३२@gmail.com | |
| ७ | मा. राजकुमार सिंह | सदस्य | ९८५१०९०९०८ | rs2023590@gmail.com | |
| ८ | श्री रक्षाराम चमार (हरिजन) | सदस्य | ९८५७०५०४४५ | raksharamh@gmail.com | |
| ९ | मा. ललिता कुमारी यादव | सदस्य | ९८१५३४००९९ | yadav.lalita7@gmail.com | |
| १० | मा. उपेन्द्र कुमार यादव | सदस्य | ९८५२८३०१०६ | | |
| ११ | श्री राम कुमार महतो | प्रदेश सचिव | ९८५४०२००८ | rkmahato7@gmail.com | |


## प्रदेश नीति तथा योजना आयोगको हालको संरचना

| क्र.सं. | नाम | पद | सम्पर्क नम्बर | ईमेल |
|---|---|---|---|---|
| १ | मा. कृष्ण प्रसाद यादव | अध्यक्ष | ९८५१०८६८३५ | |
| २ | मा. राज कुमार सिंह | उपाध्यक्ष | ९८५१०९०९०८ | rs2023590@gmail.com |
| ३ | मा. नवल किशोर यादव | सदस्य | ९८५४०३९६७९ | nawakishory123@gmail.com |
| ४ | श्री सेवन्तक पोखरेल | प्रदेश सचिव | ९८५४०२००८८ | secretary.mof@madhesh.gov.np |

# १.४ प्रदेश नीति तथा योजना आयोगको कर्मचारीहरुको दरबन्दी तेरिजः-

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | उपसमूह | दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | सचिव | रा.प.प्रथम प्र. | प्रशासन | सामान्य प्रशासन | | १ | |
| २. | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सामान्य प्रशासन | | ३ | |
| ३. | उपसचिव | रा.प.द्वितीय | आर्थिक योजना तथा तथ्याङ्क | तथ्याङ्क | | १ | |
| ४. | शाखा अधिकृत | रा.प.तृतिय | प्रशासन | सामान्य प्रशासन | | ५ | |
| ५. | तथ्याङ्क अधिकृत | रा.प.तृतिय | आर्थिक योजना तथा तथ्याङ्क | तथ्याङ्क | | १ | |
| ६. | लेखा अधिकृत | रा.प.तृतिय | प्रशासन | लेखा | | १ | |
| ७. | कम्प्यूटर ई. | रा.प.तृतिय | नेपाल ईन्जिनियरिङ्ग | | | १ | |
| ८. | नायव सुव्वा | रा.प.अनं.प्रथम | प्रशासन | सामान्य प्रशासन | | ८ | |
| ९. | स. लेखापाल | रा.प.अनं.द्वितीय | प्रशासन | लेखा | | १ | |
| १० | तथ्याङ्क सहायक | रा.प.अनं.प्रथम | आर्थिक योजना तथा तथ्याङ्क | तथ्याङ्क | | १ | |
| ११. | कम्प्यूटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | | २ | |
| १२ | खरिदार | रा.प.अनं.द्वितीय | प्रशासन | सामान्य प्रशासन | | ७ | |
| १३ | ह.स.चा. | | | | | ८ | |
| १४. | का.स. | | | | | ९ | |
| | | | | | जम्मा | ४९ | |

## १.५ प्रदेश नीति तथा योजना आयोगको सांङ्गठनिक संरचना



## १.६ प्रदेश नीति तथा योजना आयोगमा कार्यरत कर्मचारी

प्रदेश नीति तथा योजना आयोगको काममा प्रशासकीय र व्यवस्थापकीय सहयोग पुर्याउनका लागि कर्मचारीहरुको आवश्यक व्यवस्थापन गर्न प्रदेश सरकार ,मन्त्रिपरिषद्बाट मिति २०७५/२/१३ मा आयोगको वर्तमान संगठन संरचना स्वीकृत भएको छ भने "प्रदेश नीति आयोग गठन तथा कार्य संचालन ऐन ,२०७५" को दफा २० मा आयोगको प्रशासकीय प्रमुखको रुपमा आर्थिक मामिला तथा योजना मन्त्रालयका प्रदेश सचिव वा निजले तोकेको उपसचिव स्तरको कर्मचारी प्रशासकीय प्रमुखको रुपमा जिम्मेवारी वहन गर्नु पर्ने व्यवस्था रहेको छ।

# आ.व. २०८१/८२ मा प्रदेश नीति तथा योजना आयोगमा कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं. | नाम | पद | सम्पर्क नम्बर | ईमेल | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री राम कुमार महतो | प्रदेश सचिव | ९८५४०२००८८ | rkmahato7@gmail.com | |
| २ | श्री प्रशान्त कुमार मिश्र | शाखा अधिकृत (रा.प.तृतीय) | ९८६०१९३९१६ | mishraprashant529@gmail.com | |
| ३ | श्री निकिता चौधरी | शाखा अधिकृत | ९८६२९२९१०५ | linkniki@gmail.com | |
| ४ | श्री समीर कुमार कर्ण | कम्प्यूटर ईन्जिनियर | ९८४४२४१४७७ | sameerkarna666@gmail.com | |
| ५ | श्री राम रोशन प्रसाद यादव | तथ्यांक अधिकृत | ९८४४४४४४४० | ramroshanyadav77@gmail.com | |
| ६ | श्री अशोक प्रसाद साह | लेखा अधिकृत छैठौं | ९८५४०२३०९३ | ashokprassdshah1988@gmail.com | प्रदेश लेखा नियन्त्रक कार्यालयमा कार्यरत भई लेखा सम्बन्धी कामकाज गर्न थप जिम्मेवारी तोकिएको |
| ७ | श्री पुनिश कुमार यादव | नायब सुब्बा | ९८१९८७९६०८ | punishkumary@gmail.com | |
| ८ | श्री त्रिमधु कुमारी चौहान | नायब सुब्बा | ९८६४५०१९२५ | chauhantrimadhu123@gmail.com | |
| ९ | श्रीकण्ठ राज घिमिरे | नायब सुब्बा | ९८४५९७२६६५ | | |
| १० | श्री आशा शर्मा | कम्प्युटर अपरेटर | ९८०३७५९०१३ | ashasharma59013@gmail.com | सेवा करार |
| ११ | श्री बलराम मण्डल | कम्प्यूटरको काम | ९८०४७९९१७९ | balramsevak143@gmail.com | सेवा करार |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | श्री विजय कुमार यादव | ह.स.चा. | ९८१७६४४२८६ | bijaykumaryadav2070@gmail.com | सेवा करार |
| १३ | श्री विनय कुमार शर्मा | ह.स.चा. | ९८०७६४३३६६ | | उपाध्यक्षज्यूको सुविधा अन्तर्गत |
| १४ | श्री निता देवी | का.स. | ९८१९६७०१६९ | | सेवा करार |
| १५ | श्री सरोज झा | का.स | ९८०३२८७३८१ | | सेवा करार |

# प्रदेश नीति तथा योजना आयोगमा हाल कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं. | नाम | पद | सम्पर्क नम्बर | ईमेल |
|---|---|---|---|---|
| १ | श्री सेवन्तक पोखरेल | सचिव | ९८५४०२००८८ | secretary.mof@madhesh.gov.np |
| २ | श्री रंजिता साह | उपसचिव | ९८५४०५०४२७ | ranjita.sahm@gmail.com |
| ३ | श्री अशोक कुमार मेहता | उपसचिव | ९८५२०४११२९ | ashokmehta2048@gmail.com |
| ४ | श्री प्रशान्त कुमार मिश्र | शाखा अधिकृत (रा.प.तृतीय) | ९८६०१९३९१६ | mishraprashant529@gmail.com |
| ५ | श्री निकिता चौधरी | शाखा अधिकृत | ९८६२९२९१०५ | linkniki@gmail.com |
| ६ | श्री समीर कुमार कर्ण | कम्प्यूटर ईन्जिनियर | ९८४४२४१४७७ | sameerkarna666@gmail.com |
| ७ | श्री राम रोशन यादव | तथ्याङ्क अधिकृत | ९८४४४४४४४० | ramroshanyadav77@gmail.com |
| ८ | श्री रंजना गुप्ता | शाखा अधिकृत | ९८६५३७४१९५ | ranjanagupta2082@gmail.com |
| ९ | श्री राज कुमार प्याकुरेल | लेखा अधिकृत सातौं | ९८४०५७६९७८ | |
| १० | श्री पुनिश कुमार यादव | नायब सुब्बा | ९८१९८७९६०८ | punishkumary@gmail.com |
| ११ | श्री त्रिमधु कुमारी चौहान | नायब सुब्बा | ९८६४५०१९२५ | chauhantrimadhu123@gmail.com |
| १२ | श्री कण्ठराज घिमिरे | नायब सुब्बा | ९८४५९७२६६५ | Shreekanthaghimire11@gmail.com |
| १३ | श्री प्रकाश साह सुडी | खरिदार | ९८१२११४४७० | |

| | | | | |
|---|---|---|---|---|
| १४ | श्री आशा शर्मा | कम्प्यूटर अपरेटर | ९८०३७५९०१३ | ashasharma59013@gmail.com |
| १५ | श्री बलराम मण्डल | कम्प्यूटर अपरेटर | ९८०४७९९१७९ | balramsevak143@gmail.com |
| १६ | श्री विजय कुमार यादव | ह.स.चा. | ९८१७६४४२८६ | bijaykumaryadav2070@gmail.com |
| १७ | श्री राकेश कुमार मण्डल | ह.स.चा. | ९८०७६४३३६६ | उपाध्यक्षज्यूको सुविधा अन्तर्गत |
| १८ | श्री निता देवी | का.स. | ९८१९६७०१६९ | |
| १९ | श्री सरोज झा | का.स | ९८०३२८७३८१ | |
| २० | श्री निलम देवी मिश्र | का.स. | | |
| २१ | विन्देश्वर कुमार पंडित | का.स. | | |
| २२ | इन्द्र सेन | का.स. | | |
| २३ | ज्योति किशोर यादव | का.स. | | |
| २४ | इन्द्र देव कुमार यादव | का.स. | | |
| २५ | प्रभात कुमार यादव | का.स. | | |

# २. आर्थिक वर्ष २०८१/८२ मा सम्पादन गरेका मुख्य मुख्य कामहरु

## २.१ मध्यमकालिन खर्च संरचना तयारी

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले संघ, प्रदेश र स्थानीय तहले अनिवार्य रुपमा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । प्रदेश सरकारले यसै ऐनको दफा १६ अनुसारको खर्च विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने कानूनी व्यवस्था छ । नेपालको १६ औं योजना (२०८१/८२-२०८५/८६)ले “समृद्ध नेपाल, सुखी नेपाली“ को दीर्घकालीन सोच र अवधारणामा आधारित रहेको छ।

प्रदेशको पहिलो आवधिक योजनाले "उच्च मानव विकास र पहिचान, समृद्ध मधेश समाज " को सोच अगाडी सारेको छ ।साथै दोस्रो आवधिक योजनाको आधारपत्रले “आत्मनिर्भर र समृद्ध मधेश, सुखी मधेशी” को सोचलाई आत्मसात गरेको देखिन्छ। मूलभूत रूपमा यी सोचहरु जनताको विकास र समृद्धि कै सेरोफेरोमा रहेको देखिन्छ।

सामाजिक आर्थिक लगायत समग्र विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ। यसका लागि साधनको विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता तथा वित्तीय अनुशासन पालनामा कठोरता जस्ता तीनवटै पक्ष उतिकै प्रभावकारी हुनु पर्दछ। यी तीन वटै

पक्षहरुमा सुधार गर्ने उपाय तथा औजारको रुपमा मध्यकालीन खर्च संरचनालाई लिइएको छ।

मध्यमकालीन खर्च संरचनाले सार्वजनिक वित्त व्यवस्थापनमा औजारको रूपमा उपलव्ध साधन स्रोतको आंकलन गर्नुको साथै उपलव्ध साधन स्रोतलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँड गर्दछ । यस अन्तर्गत आन्तरिक आय र बाह्य आयको आंकलन गरी समष्टीगत आर्थिक खांका तयार गरिन्छ।यस्को आधारमा क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत निकायहरूको नीति र कार्यक्रम कार्यन्वयन गर्न मध्यमकालीन खर्च अनुमान खाँका तयार गरिन्छ।यो खाँका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरिन्छ।यस्मा पहिलो वर्षको खर्च र स्रोत अनुमान को वार्षिक बजेटसंग तादात्मयकता रहन्छ र बाँकी दुई आर्थिक वर्षको प्रक्षेपण गरिन्छ।पहिलो वर्ष बजेट कार्यान्वयन भएपछि नयाँ मध्यमकालीन खर्च संरचना तयार गरिन्छ, जसमा पहिलो वर्षको प्रगती समीक्षा गरिन्छ भने बाँकी दुई आ.व.को विगतमा गरेको प्रक्षेपण अनुमानलाई परिमार्जन गरी एक वर्षको बजेट प्रक्षेपण गरिन्छ। मध्यमकालीन खर्च संरचनाको प्रमुख ध्येय सार्वजनिक खर्चको व्यवस्थापनलाई उत्पादनमुखी, अनुशासित र प्रभावकारी बनाउनु हो । यसले सीमित वित्तीय स्रोत भित्रै प्राथमिकताको क्रम अनुरुप वार्षिक योजना कार्यान्वयनको लागि सुनिश्चितता खोजेर समष्टिगत आर्थिक स्थायित्वलाई दीगो तथा भरपर्दो बनाउने प्रयास गर्दछ।उल्लेखित कानूनी व्यवस्थालाई ध्यानमा राखी प्रदेश सरकारबाट यो मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ ।

## प्रदेश सरकारको मध्यमकालीन खर्च संरचनाको संस्थागत व्यवस्था

प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा १३ को उपदफा (२) (ख) अनुसार आर्थिक वर्षको बजेट अगावै प्रदेश सरकारले प्रदेश सभाबाट पारित गर्ने वार्षिक आयव्यय प्रस्ताव मध्यमकालिन खर्च संरचनाका आधारमा बनाउनु पर्ने व्यवस्था गरेको छ । वार्षिक बजेट प्रदेश सभामा ल्याउनु अघि खर्च संरचना सम्बन्धी तयारी टुङ्ग्याउनु पर्छ । यसै व्यवस्थालाई कार्यान्वयन गर्नका लागि प्रदेश योजना तथा कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७७ मा निम्न अनुसारको संस्थागत व्यवस्था गरिएको छ ।

## मध्यमकालीन खर्च संरचना तर्जुमा निर्देशक समिति

मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यको समग्र निर्देशनका लागि नीति तथा योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा देहाय बमोजिमको निर्देशक समितिको व्यवस्था गरिएको छ ।

| | |
|---|---|
| उपाध्यक्ष, नीति तथा योजना आयोग | संयोजक |
| सदस्यहरू नीति तथा योजना आयोग | सदस्य |
| प्रमुख सचिव/सचिव, मुख्यमन्त्री तथा म. प. कार्यालय | सदस्य |
| सचिवहरू, विषयगत मन्त्रालय | सदस्य |
| सचिव/प्रशासकीय प्रमुख, नीति तथा योजना आयोग | सदस्य सचिव |

## प्रदेश बजेट तथा स्रोत समिति

अर्थतन्त्रको आर्थिक परिसूचकहरूको विश्लेषण गरी समष्टिगत आर्थिक संरचना तयारी, आगामी तीन आर्थिक वर्षको बजेटको कुल सीमा प्रक्षेपण, खर्च तथा स्रोत सहितको मध्यमकालीन खर्च संरचना सीमा निर्धारण र बजेटको

कार्यान्वयन स्थितिको समीक्षा गरी आगामी आर्थिक वर्ष सहित तीन वर्षको बजेट प्रक्षेपण गर्न देहाय बमोजिमको स्रोत समितिको व्यवस्था रहेको छ।

| | |
|---|---|
| उपाध्यक्ष, नीति तथा योजना आयोग | अध्यक्ष |
| सदस्य ,नीति तथा योजना आयोग | सदस्य |
| सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| सचिव वा प्रशासकीय प्रमुख, नीति तथा योजना आयोग | सदस्य |
| प्रमुख, प्रदेश कार्यालय, नेपाल राष्ट्र बैंक | सदस्य |
| प्रमुख,प्रदेश लेखा नियन्त्रकको कार्यालय | सदस्य |
| प्रमुख, योजना तथा वजेट महाशाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| उपसचिव, प्रदेश नीति तथा योजना आयोग | सदस्य सचिव |

## प्रदेश मध्यमकालीन खर्च संरचना प्राविधिक समिति

विषयगत निकायमा मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यको समन्वय लगायतका कार्य गर्न देहाय अनुसारको विषय क्षेत्रगत प्राविधिक समिति रहने व्यवस्था रहेको छ ।

| | |
|---|---|
| सचिव वा प्रशासकीय प्रमुख, नीति तथा योजना आयोग | संयोजक |
| प्रमुख, योजना तथा बजेट महाशाखा, नीति तथा योजना आयोग | सदस्य |
| प्रमुख, योजना तथा बजेट महाशाखा,आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| प्रमुख ,योजना तथा अनुगमन महाशाखा,सबै प्रादेशिक मन्त्रालय वा निकाय | सदस्य |

| | |
|---|---|
| शा.अ.योजना तथा वजेट महाशाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य सचीव |

## निकायगत मध्यमकालीन खर्च संरचना कार्यदल

सम्बन्धीत मन्त्रालय वा निकायको प्रत्येक क्रियाकलापको ईकाइगत लागत आकलन र परिमार्जनका साथै मन्त्रालय वा निकायको मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यको समन्वय गर्न  बजेट सम्बधी  कार्य गर्न देहाय अनुसारको कार्यदल रहने व्यवस्था रहेको छ।

| | |
|---|---|
| प्रमुख, योजना तथा बजेट महाशाखा, सवै मन्त्रालय वा निकाय | संयोजक |
| प्रमुख,सम्बन्धित निकायको आ.प्र. शाखा प्रमुख | सदस्य |
| प्रतिनिधि, सम्बधित मन्त्रालय अन्तर्गतको बिभाग | सदस्य |
| प्रमुख,योजना तथा वजेट शाखा, सम्बन्धित मन्त्रालय/निकाय | सदस्य सचिव |

## २.२ प्रदेश सरकारको नीति तथा कार्यक्रम तयारी

“प्रदेश नीति आयोग गठन तथा कार्य संचालन ऐन ,२०७५” अनुसार प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रदेश नीति तथा योजना आयोगले तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत प्रदेश सरकार मन्त्रिपरिषद्मा पेश गर्ने व्यवस्था छ । यसै अनुसार आयोगले प्रदेश सरकारको नीति तथा कार्यक्रम निर्माणको लागि प्रदेश सरकारको विभिन्न मन्त्रालयहरुलाई पत्राचार गरी मन्त्रालयहरु सँगको नियमित समन्वय, सहकार्य, छलफल र बैठकहरु सम्पन्न भएको थियो। यस्तै प्रदेश सरकार सँग सम्बद्ध माननीय सासंदहरु, बुद्धिजिवि, उद्योगी, व्यापारी तथा सम्बन्धित सरोकारवालाहरुको सल्लाह र सुझावलाई आत्मसात गर्दै प्रदेश सरकारको अर्थिक वर्ष २०८१/२०८२

को लागि नीति तथा कार्यक्रमको मस्यौदा तयार गरिएको थियो। यसरी तयार गरिएका नीति तथा कार्यक्रम मधेश प्रदेश सरकारको अर्थ मन्त्रालय मार्फत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिएको थियो । नीति तथा कार्यक्रमको आधारमा प्रदेश सरकारको आर्थिक वर्ष २०८१/२०८२ को वार्षिक कार्यक्रम तथा बजेट निर्माण गरिएको छ ।

## २.३ प्रादेशिक मन्त्रालय तथा निकायहरुसंग समन्वय र अन्तरक्रिया

आयोगको काम कर्तव्य र अधिकार मध्ये प्रदेश सरकारका सबै मन्त्रालय तथा निकायहरु सँग समन्वय गरी प्रादेशिक योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्नु हो । यस अनुसार आयोगले विभिन्न मन्त्रालयहरु सँग सम्वन्धित नीतिहरुको  आवश्यकता विशलेषण गर्ने, योजना तर्जुमामा सहयोग गर्ने, वार्षिक कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनमा सल्लाह सुझाव प्रदान गर्ने सहमती प्रदान गर्ने कामहरु सम्पन्न गरिसकेको छ। यस्तै आयोगमा प्राप्त विभिन्न मन्त्रालयहरुको बहुबर्षीय योजनाहरुको स्रोत सुनिश्चितताको लागि आवश्यक सहजीकरण गरेको छ ।

## २.४ विकास निर्माणमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय साझेदार संस्थाहरु सँगको समन्वय तथा सहयोग

आयोगले विकासका साझेदार संस्थाहरुसँग प्रदेशको विकासको लागि नियमित समन्वय र सहकार्य गर्दै आवश्यक प्राविधिक सहयोग प्राप्त गरेको छ । यस्तै मधेश प्रदेश सरकारबाट स्वीकृति प्राप्त भएबमोजिम द एसिया

फाउण्डेशनसंग सम्झौता गरी मधेश प्रदेशको दोस्रो आवधिक योजना तथा मधेश प्रदेश डाटा पोर्टल निर्माणका लागि प्राविधिक सहयोग प्राप्त भएको देखिन्छ ।

## २.५ मधेश प्रदेश विकास आयोजना अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०८१

प्रदेशको विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजना कार्यान्वयनको वस्तुपरक अनुगमन तथा मूल्याङ्कन गरी कार्यान्वयन प्रभावकारीता बढाउन तथा प्रतिफल सुनिश्चित गर्न र कार्यान्वयन गर्ने निकायहरूलाई सुझाव समेत दिनका लागि प्रदेश नीति आयोग गठन तथा कार्य संचालन ऐन, २०७५ को दफा १२ मा व्यवस्था भएबमोजिम अनुगमन र मूल्यांकनको आधार र प्रकृया तय गर्न मधेश प्रदेशको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी मधेश प्रदेश सरकारले यो कार्यविधिमा व्यवस्था गरिएको छ।

**प्रदेश विकास समस्या समाधान समितिः** (१) नीति, योजना, कार्यक्रम तथा आयोजनाको प्रगति समीक्षा, समस्याको समाधान लगायत नीतिगत विषयको काम गर्नका लागि प्रदेशमा अनुगमन तथा मूल्याङ्कनसम्बन्धी सर्वोच्च संयन्त्रका रूपमा देहायका सदस्यहरू रहने गरी एक प्रदेशस्तरीय समितिको व्यवस्था गरिएको छ ।

| मुख्यमन्त्री | अध्यक्ष |
|---|---|
| प्रदेश सरकारका मन्त्रीहरू | सदस्य |

| | |
|---|---|
| प्रदेश सरकारका राज्यमन्त्रीहरु | सदस्य |
| उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग | सदस्य |
| सदस्यहरू, प्रदेश नीति तथा योजना आयोग | सदस्य |
| प्रमुख सचिव, प्रदेश सरकार | सदस्य |
| सचिव, प्रदेश नीति तथा योजना आयोग | सदस्य सचिव |

**<u>मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिः</u>** (१) मन्त्रालयसँग सम्बन्धित नीति, योजना, कार्यक्रम तथा आयोजनाको नियमित रूपमा अनुगमन तथा मूल्याङ्कन गर्न मन्त्रालयहरूमा देहायका सदस्यहरू रहने गरी मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको व्यवस्था गरिएको छ ।

| मन्त्री, सम्बन्धित मन्त्रालय | **अध्यक्ष** |
|---|---|
| राज्यमन्त्री, सम्बन्धित मन्त्रालय | सदस्य |
| सहायक मन्त्री, सम्बन्धित मन्त्रालय | सदस्य |
| प्रदेश नीति तथा योजना आयोगको सम्बन्धित मन्त्रालय हेर्ने सदस्य | सदस्य |
| प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | सदस्य |
| प्रदेश सचिव, सम्बन्धित मन्त्रालय | सदस्य |
| प्रमुख, बजेट तथा योजना महाशाखा, अर्थ मन्त्रालय | सदस्य |
| प्रमुख, अनुगमन तथा मुल्याङ्कन महाशाखा, प्रदेश नीति तथा योजना आयोग | सदस्य |
| प्रमुख, मन्त्रालय अर्न्तगतका विभाग/निर्देशनालय | सदस्य |
| प्रमुख, सम्बन्धित मन्त्रालयका  सबै महाशाखा, | सदस्य |
| प्रमुख, कानून महाशाखा/शाखा, सम्बन्धित मन्त्रालय | सदस्य |
| प्रमुख, अनुगमन तथा मूल्याङ्कन शाखा, सम्बन्धित मन्त्रालय | सदस्य सचिव |

**<u>प्रदेश निर्वाचन क्षेत्रस्तरीय अनुगमन तथा मूल्याङ्कन समितिः</u>** (१) प्रदेश निर्वाचन क्षेत्र भित्रका प्रमुख विकास कार्यक्रम वा आयोजनाहरूको छनोट,

कार्यान्वयनमा सहजीकरण एवं प्रभावकारिता र गुणस्तरीयता समेतको आधारमा अनुगमन तथा मूल्याङ्कन गर्न देहाय बमोजिमको एक प्रदेश निर्वाचन क्षेत्रस्तरीय अनुगमन तथा मूल्याङ्कन समितिको व्यवस्था गरिएको छ ।

| | |
|---|---|
| सम्वन्धित निर्वाचन क्षेत्रबाट निर्वाचित प्रदेश सभा सदस्य | संयोजक |
| सम्वन्धित निर्वाचन क्षेत्रका समानुपातिक प्रदेश सभा सदस्य | सदस्य |
| सम्वन्धित स्थानीय तहका प्रमुखहरु | सदस्य |
| सम्वन्धित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरु | सदस्य |
| विकास आयोजना कार्यान्वयन गर्ने प्रदेश सरकारका कार्यालय प्रमुखहरु मध्येबाट समितिको संयोजकले तोकेको कार्यालय प्रमुख | सदस्य सचिव |

**<u>प्रदेश विकास समस्या समाधान उपसमितिः</u>** (१) त्रैमासिक र वार्षिक समीक्षा सम्बन्धी कार्यलाई आवश्यक समन्वय र सहजीकरण गरी प्रदेश विकास समस्या समाधान समितिलाई सहयोग गर्नका लागि देहाय बमोजिमको प्रदेश विकास समस्या समाधान उपसमितिको व्यवस्था गरिएको छ।

| | |
|---|---|
| उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग | अध्यक्ष |
| सदस्यहरू, प्रदेश नीति तथा योजना आयोग | सदस्य |
| प्रदेश सचिवहरू, प्रदेश सरकारका मन्त्रालयहरू | सदस्य |
| प्रदेश सचिव, प्रदेश सभा सचिवालय | सदस्य |
| प्रदेश सचिव, प्रदेश लोकसेवा आयोग | सदस्य |
| उपन्यायाधिवक्ता, मुख्य न्यायाधिवक्ताको कार्यालय | सदस्य |
| प्रदेश लेखा नियन्त्रक | सदस्य |
| सचिव, प्रदेश नीति तथा योजना आयोग | सदस्य सचिव |

## २.६ प्रदेश आयोजना बैंक सञ्चालन निर्देशिका, २०८१

प्रदेशका आयोजना तथा कार्यक्रमहरूको पहिचान, विश्लेषण, प्राथमिकीकरण र छनौट प्रक्रियालाई सहभागितामूलक, तथ्यपरक र पारदर्शी बनाउन प्रदेश आयोजना बैंकको स्थापना तथा सञ्चालन गरी गुणस्तरीय, प्रभावकारी र अनुमानयोग्य विकास प्रशासन मार्फत प्रदेशमा दिगो, सन्तुलित तथा नतिजामुखी विकास गर्न वाञ्छनीय भएकोले प्रदेश नीति आयोग गठन तथा कार्यसञ्चालन ऐन, २०७५ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नीति तथा योजना आयोगले यो निर्देशिका बनाई लागु गरेको छ।

**निर्देशक समिति:** (१) प्रदेश आयोजना बैंकको प्रभावकारी सञ्चालन सम्बन्धी आवश्यक मार्गदर्शन, नियमन, समन्वय र सहजीकरण गर्न देहाय बमोजिम निर्देशक समितिको व्यवस्था गरिएको छ ।

| मुख्यमन्त्री | संयोजक |
|---|---|
| उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग | सदस्य |
| सदस्य (सबै), प्रदेश नीति तथा योजना आयोग | सदस्य |
| प्रदेश सचिव (कानून), मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | सदस्य |
| प्रदेश सचिव, अर्थ मन्त्रालय | सदस्य |
| प्रदेश सचिव (सबै), विषयगत मन्त्रालयहरू | सदस्य |
| प्रदेश अध्यक्ष, नगरपालिका संघ र गाउँपालिका रा.महासंघ | सदस्य |
| सचिव, प्रदेश नीति तथा योजना आयोग | सदस्य सचिव |

## २.७ दिगो विकास लक्ष्य उन्मुख प्रदेश पाश्वचित्र २०८२

मधेश प्रदेश स्तरमा दिगो विकास लक्ष्य (SDG) समीक्षाका उद्देश्यहरू:

मधेश प्रदेशमा दिगो विकास लक्ष्य (SDG) समीक्षाको उद्देश्य यी लक्ष्यहरूलाई प्रदेशको योजना र शासन ढाँचामा एकीकृत गरी स्थानीयकरण गर्ने हो, जसले यसको विशिष्ट सामाजिक-आर्थिक र पर्यावरणीय सन्दर्भमा प्रासंगिकता सुनिश्चित गर्दछ। यो समीक्षा आधारभूत तथ्यांक विश्लेषण गरी प्राथमिकता क्षेत्रहरू पहिचान गर्ने, विविध सरोकारवालाहरूलाई संलग्न गराएर तथ्यांकको शुद्धता वृद्धि गर्ने र स्पष्ट कार्यान्वयन रणनीति विकास गर्नेमा केन्द्रित छ। समीक्षाले प्रादेशिक नीतिहरूलाई राष्ट्रिय SDG एजेन्डासँग संरेखित गर्ने, तथ्यांक संकलन र अनुगमनमा रहेका कमजोरीहरू सम्बोधन गर्ने र गरिबी, असमानता, पूर्वाधार, र खाद्य सुरक्षाजस्ता प्रमुख विकास चुनौतीहरू सामना गर्न प्रमाण-आधारित नीति निर्माणलाई समर्थन गर्ने लक्ष्य राख्छ। साथै, यो समीक्षाले सरकारी निकायहरू, विकास साझेदारहरू, निजी क्षेत्र र नागरिक समाजबीच सहकार्यलाई प्रोत्साहन गर्दछ, जसले मधेश प्रदेशमा समावेशी र दिगो विकासलाई प्रवर्द्धन गर्छ।

- दिगो विकास लक्ष्यहरू (SDGs) लाई मधेश प्रदेशको योजना र शासन ढाँचामा एकीकृत गर्ने, स्थानीय स्वामित्व र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने।
- मधेश प्रदेशको सामाजिक-आर्थिक र पर्यावरणीय सन्दर्भमा विशेष रूपमा प्रासंगिक प्रमुख SDG लक्ष्यहरू र सूचकहरू पहिचान गरी छलफल गर्ने।

- मधेश प्रदेशमा SDG सूचकहरूसँग सम्बन्धित आधारभूत तथ्यांकको समीक्षा र विश्लेषण गरी वर्तमान स्थिति मूल्यांकन गर्ने र हस्तक्षेपका लागि प्राथमिकता क्षेत्रहरू पहिचान गर्ने।
- मधेश प्रदेशका प्रादेशिक सरकारी विभागहरू, स्थानीय सरकारहरू, नागरिक समाज संगठनहरू, र अन्य सरोकारवालाहरूबाट इनपुट र सुझावहरू संकलन गरी तथ्यांकको शुद्धता सुधार गर्ने र SDG कार्यान्वयनका लागि स्पष्ट रणनीति विकास गर्ने।
- प्रादेशिक नीतिहरूलाई राष्ट्रिय SDG एजेन्डासँग समन्वय र संरेखित गर्न सहजीकरण गर्ने परामर्शदात्री बैठकहरू सञ्चालन गर्ने।
- प्रादेशिक स्तरमा तथ्यांक संकलन र अनुगमन प्रणालीमा रहेका चुनौतीहरू र कमजोरीहरू पहिचान गरी मधेश प्रदेशमा SDG ट्र्याकिङलाई सुदृढ गर्न समाधानहरू प्रस्ताव गर्ने।
- मधेश प्रदेशमा गरिबी न्यूनीकरण, असमानता, पूर्वाधार विकास, खाद्य सुरक्षा र दिगो शहरीकरणजस्ता प्रमुख विकास चुनौतीहरूलाई सम्बोधन गर्न प्रमाण-आधारित नीति निर्माण र योजनालाई समर्थन गर्ने।
- मधेश प्रदेशभित्र प्रादेशिक निकायहरू, स्थानीय सरकारहरू, विकास साझेदारहरू, निजी क्षेत्र र नागरिक समाजबीच सहकार्यलाई प्रोत्साहन गरी समावेशी र दिगो विकासलाई प्रवर्द्धन गर्ने।

# परिच्छेद ३

## ३.१ आ.व. २०८१/८२ मा प्रदेश नीति तथा योजना आयोगको वित्तीय प्रगति

आयोगले आर्थिक वर्ष २०८१/८२ को लागि रु ५०,४००,००० वार्षिक बजेट प्राप्त गरेको देखिन्छ। आयोगले चालु तर्फ रु ४४,९६०,०००.०० प्राप्त गरकोमा रु २६,५५३,५६०.०० खर्च भई ५९.१ प्रतिशत र पूँजीगत तर्फ ५,४४०,०००.०० प्राप्त गरेकोमा रु ३,७५२,०००.०० खर्च भई ६९.० प्रतिशत प्रगति हासिल भएको छ । यसरी समग्रमा आयोगले कुल प्राप्त गरेको बजेट रु ५०,४००,०००.००मा रु ३०,३०५,०००.००खर्च भई ६०.१०प्रतिशत वित्तिय प्रगति हासिल गरेको छ । आयोगको वित्तिय प्रगतिको विस्तृत विवरण तालिका नं.२मा देखाइएको छ ।

# तालिका नं. २

| खर्च संकेत नं. | खर्च शिर्षक | स्रोतको | | शुरु बजेट | अन्तिम बजेट | जम्मा खर्च | बाँकी बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रकार | भुक्तानी विधि | | | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| साधरण तथा कार्यक्रम खर्च | | | | | | | | |
| २११११ | पारिश्रमिक कर्मचारी | नेपाल सरकार | नगद | ६९६४००० | ६९६४००० | ३०८५११७.१२ | ३८७८८८२.८८ | |
| २१११२ | पारिश्रमिक पदाधिकारी | नेपाल सरकार | नगद | ९०२९००० | ९०२९००० | ७०३९९३१ | १९८९०६९ | |
| २११२१ | पोशाक | नेपाल सरकार | नगद | २१०००० | २१०००० | ११०००० | १००००० | |
| २११३२ | महंगी भत्ता | नेपाल सरकार | नगद | ४८०००० | ४८०००० | २०६४६६.३३ | २७३५३३.६७ | |
| २११३४ | कर्मचारीको बैठक भत्ता | नेपाल सरकार | नगद | २२५००० | २२५००० | ० | २२५००० | |
| २११३९ | अन्य भत्ता | नेपाल सरकार | नगद | ४५००० | ४५००० | ० | ४५००० | |
| २११४१ | पदाधिकारी बैठक भत्ता | नेपाल सरकार | नगद | ५००००० | ५००००० | ३५०००० | १५०००० | |
| २११४२ | पदाधिकारी अन्य सुविधा | नेपाल सरकार | नगद | २२६८००० | २२६८००० | २०५२८९८ | २१५१०२ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१२१२ | योगदानमा अधारित निवृतिभरण तथा उपदान कोष खर्च | नेपाल सरकार | नगद | ७२००० | ७२००० | ३११७८ | ४०८२२ | |
| २१२१३ | योगदानमा आधारित बिमा कोष खर्च | नेपाल सरकार | नगद | ९६००० | ९६००० | २२३७३.६७ | ७३६२६.३३ | |
| २२१११ | पानी तथा बिजुली | नेपाल सरकार | नगद | ७९८००० | ७९८००० | ३४०५१२ | ४५७४८८ | |
| २२११२ | संचार महसुल | नेपाल सरकार | नगद | ३५०००० | ३५०००० | ९०३३० | २५९६७० | |
| २२२११ | इन्धन (पदाधिकारी) | नेपाल सरकार | नगद | ३३६०००० | ३३६०००० | २४६१०९१ | ८९८९०९ | |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | नेपाल सरकार | नगद | १७६०००० | १७६०००० | २०९४२८ | १५५०५७२ | |
| २२२१३ | सवारी साधन मर्मत खर्च | नेपाल सरकार | नगद | १०००००० | १०००००० | ६२०६५८ | ३७९३४२ | |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | नेपाल सरकार | नगद | ३००००० | ३००००० | ८६३८१ | २१३६१९ | |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | नेपाल सरकार | नगद | ३००००० | ३००००० | २९४००५ | ५९९५ | |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | नेपाल सरकार | नगद | ५००००० | ५००००० | ० | ५००००० | |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | नेपाल सरकार | नगद | १०००००० | १०००००० | ९९७८०६ | २१९४ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २२३१४ | इन्धन-अन्य प्रयोजन | नेपाल सरकार | नगद | ६८००० | ६८००० | ० | ६८००० | |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | नेपाल सरकार | नगद | ११००००० | ११००००० | १०९४८२० | ५१८० | |
| २२४११ | सेवा र परामर्श खर्च | नेपाल सरकार | नगद | ७००००० | ७००००० | ० | ७००००० | |
| २२४१३ | करार सेवा | नेपाल सरकार | नगद | १९२०००० | १९२०००० | १८७५८५१ | ४४१४९ | |
| २२५१२ | सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | नेपाल सरकार | नगद | ११००००० | ११००००० | ३३७७० | १०६६२३० | |
| २२५२२ | कार्यक्रम खर्च | नेपाल सरकार | नगद | ५९००००० | ५९००००० | २७४१००० | ३१५८७९९ | |
| २२६११ | अनुगमन,मूल्यांकन खर्च | नेपाल सरकार | नगद | ५००००० | ५००००० | ४६५४२२ | ३४५७८ | |
| २२६१२ | भ्रमण खर्च | नेपाल सरकार | नगद | १६१५००० | १६१५००० | ९३९५१ | १५२१०४९ | |
| २२७११ | विविध खर्च | नेपाल सरकार | नगद | १०००००० | १०००००० | ४५०३७० | ५४९६३० | |
| २८१४२ | घर भाडा | नेपाल सरकार | नगद | १८००००० | १८००००० | १८००००० | ० | |
| साधारण जम्मा | | | | ४४९६०००० | ४४९६०००० | २६५५३५६०.१ | १८४०६४३९.९ | |
| साधारणखर्च प्रतिशत | | | | | | ५९.१ | | |
| बजेट मूल शीर्षक नं. ३९१०२०११४ पुजिगत खर्च | | | | | | | | |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३११२१ | सवारी साधन | नेपाल सरकार | नगद | ६,००,०००.०० | ६,००,०००.०० | ० | ६,००,०००.०० | |
| ३११२२ | मेशिनरी तथा औजार | नेपाल सरकार | नगद | ३२४०००० | ३२४०००० | २६५१३७६ | ५८८६२४ | |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | नेपाल सरकार | नगद | १६००००० | १६००००० | ११०११८५ | ४९८८१५ | |
| पुजिगत खर्च प्रतिशत | | | | | | ६९ | | |
| | | | | | | | | |
| कुल खर्च | | | | ५४४०००० | ५४४०००० | ३७५२५६१ | १६८७४३९ | |
| कुल खर्च प्रतिशत | | | | | | ६०.१ | | |

# परिच्छेद ४

## ४.आयोगको प्रमुख चुनौती तथा समस्याहरु

### ४.१ प्रमुख चुनौती तथा समस्याहरु

प्रदेश नीति आयोग गठन तथा कार्य सञ्चालन ऐन, २०७५ अनुसार गठन भई प्रदेश सरकारलाई नीति,योजना कार्यक्रम तर्जुमाको निर्माणमा सहयोग गरिरहेको छ । आयोगले प्रदेश सरकार सँग समन्वय र सहकार्य गर्दै आफ्ना गतिविधिहरु संचालन गर्दै आइरहेको छ । यसरी गतिविधिहरु संचालन गर्दा आयोगलाई विभिन्न समस्या तथा चुनौतीहरुको सामना गर्नुपरेको छ ।

- योजना, नीति तथा कार्यक्रम, मध्यमकालिन खर्च संरचना तथा बजेट बिच तालमेलको अभाव देखिएको ।
- योजनाको कार्यान्वयन पक्ष प्रभावकारी नभएकोले प्रदेशको प्रथम आवधिक योजनाले निर्धारण गरेको अपेक्षा बमोजिकमो लक्ष्य प्राप्त गर्न नसकिएको ।
- योजनाको कार्यान्वयन पक्ष प्रभावकारी नभएकोले आर्थिक समृद्धिको लागि आवधिक योजनमा निर्धारण गरिएको लक्ष्य पुरा गर्न समस्या देखिएको ।
- नेपाल सरकारले दिगो विकासका लक्ष्यहरु लाई सन् २०३० सम्म पुरा गर्ने प्रतिबद्धता गरे बमोजिम स्थानीय तहमा प्रभावकारी स्थानीयकरण हुन नसकेको ।
- प्रदेश नीति आयोग गठन तथा कार्य सञ्चालन ऐन, २०७५ अनुसार प्रदेश नीति आयोगको गठन भए पनि हाल मधेश प्रदेश

सरकार(मन्त्रिपरिषद्को) मिति २०७६/०६/१४ गतेको निर्णय अनुसार प्रदेश नीति आयोगको सट्टामा प्रदेश नीति तथा योजना आयोग नामाकरण भएतापनि नाम परिवर्तनका लागि कानूनी प्रावधानमा सवाल उठेको ।

## ४.२ चुनौती सामाधानको लागि गरिएको प्रयासहरु

- प्रदेश सरकारवाट उपलब्ध जनशक्तिको परिचालन मार्फत आयोगको कार्यक्रमहरु व्यवस्थित गर्ने प्रयास गरिएका छन् ।
- दात्तृ संस्थाहरुको समन्वय र सहयोगले नीति तथा योजना निर्माणको कार्य संचालन गरिएको ।
- आवधिक योजना अनुसारको नीति तथा कार्यक्रम र नीति तथा कार्यक्रम अनुसारको बजेट तथा कार्यक्रमको निर्माणको लागि आवश्यक पहल गरिएको ।
- प्रदेश सरकारवाट उपलब्ध जनशक्तिको परिचालन मार्फत आयोगको कार्यक्रमहरु व्यवस्थित गर्ने प्रयास गरिएका छन् ।
- दात्तृ संस्थाहरुको समन्वय र सहयोगले नीति तथा योजना निर्माणको कार्य संचालन गरिएको ।
- आवधिक योजना अनुसारको नीति तथा कार्यक्रम र नीति तथा कार्यक्रम अनुसारको बजेट तथा कार्यक्रमको निर्माणको लागि प्रयास गरिएको।
- ऐन संसोधनका लागि आवश्यक प्रकृयाको शुरुवात भएको।

# परिच्छेदः ५

## ५.आयोगको भावी योजना

### ५.१ अध्ययन अनुसन्धान तथा दस्तावेज तयारी

प्रदेशको विकासको लागी प्रदेश भित्र रहेका धार्मिक, ऐतिहासिक, सांस्कृतिक तथा पर्यटकीय महत्वका स्थानहरुको अध्ययन अनुसन्धान गरी त्यसको दस्तावेज निर्माण गरिनेछ । यसैगरी प्रदेश सरकारबाट संचालित महत्वपर्ण कार्यक्रमहरुको प्रभावको अध्ययन गरिनेछ । यसरी अध्ययन पश्चात् प्राप्त सुझावलाई कार्यान्वयनको लागि सरोकारबाला मन्त्रालय तथा निकायहरुसँग समन्वय गरिनेछ।

### ५.२ परियोजना बैंकको निर्देशिका तयारी, अद्यावधिक तथा सफ्टवेयर निर्माण

प्रदेशभित्रका महत्वपूर्ण तथा प्राथमिकतामा रहेका आयोजनाहरुको प्रारम्भिक अध्ययन सहितको यस आयोगद्वारा निर्माण गरिएको परियोजना बैंक पुस्तिकालाई अद्यावधिक गरिनेछ। साथै परियोजना/आयोजना बैंक संचालन निर्देशिका बनाई नयाँ परियोजनाहरु छनौट गरी सफ्टवेयरमा आवद्ध गरी अद्यावधिक गरिदै लगिनेछ।

### ५.३ प्रदेश र स्थानीय तह बीच समन्वय र सहकार्य

प्रदेश सरकार र स्थानीय तह बीचको दुरीलाई विकास संवादको रुपमा विकसित गरी स्थानीय तहसगँको समन्वय र सहकार्यमा विकासको

गतिविधिहरुलाई द्रुत र प्रभावकारी बनाउन प्रदेश सरकार र स्थानीय तह बीच नीति संवादको वातावरण सिर्जना गरिनेछ।

## ५.४ स्थानीय तहलाई योजना तर्जुमा प्रक्रियामा सहयोग

प्रदेश सरकारले प्रदेशको पहिलो आवधिक योजना निर्माण गरि कार्यान्वयनमा ल्याएको छ । मधेश प्रदेशको पहिलो आवधिक योजनाको समीक्षाबाट औंल्याईएका सम्याहरुको समाधान तथा दोस्रो आवधिक योजनाको सोच,उद्देश्य र लक्ष्यहरुलाई पुरा गर्न स्थानीय तहको महत्वपूर्ण भूमिका हुन्छ । योजना तर्जुमा प्रक्रियालाई स्थानीय तहमा व्यवस्थित गर्न तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले प्रदान गरेको अधिकारलाई कार्यान्वयनको लागि स्थानीय तह सँग सहकार्य गरी स्थानीय तहको आवश्यतालाई सम्बोधन हुने गरी योजना तर्जुमा प्रक्रिया समन्वय र सहकार्य गरिनेछ ।

## ५.५ नीति निर्माण

प्रदेशका विभिन्न मन्त्रालयहरु सँग समन्वय र सहकार्य गर्दै विद्यमान नीतिहरुको समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन र सुधार गर्ने कामलाई प्राथमिकता साथ अगाडि बढाइनेछ। यस्तै विशेष प्राथमिकतामा रहेका युवा विकास, श्रम तथा रोजगार, व्यवासायिक कृषि तथा पशुपन्छी, प्राविधिक तथा व्यावसायिक शिक्षा नीतिको तर्जुमाको लागि पहल गरिनेछ।

## ५.६ अनुगमन तथा मूल्यांकन

प्रदेशभित्र संचालनमा रहेका योजनाहरुको अनुगमन तथा मूल्यांकनका लागि प्रदेश अनुगमन तथा मूल्यांकन दिग्दर्शन, २०७६ निर्माण भई कार्यान्वयनमा रहेका छन् । अनुगमन तथा मूल्यांकन दिग्दर्शनलाई थप प्रभावकारी बनाउन सोहीलाई आधार मानी प्रदेश अनुगमन तथा मूल्यांकन कार्यविधि निर्माण गरी

राजपत्रमा प्रकाशित गरिनेछ। प्रदेश विकास समस्या समाधान समितिको बैठक, मन्त्रालय स्तरीय समस्या समाधान समितिको बैठक तथा प्रदेश विकास समस्या समाधान उप-समितिको बैठक निर्धारित समय तालिका बमोजिम बस्ने प्रावधानको विकास गरिनेछ। बैठकबाट कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु माथि छलफल गर्नुका साथै समस्या समाधानका लागि सम्वन्धित सरोकारवालाहरुसँग छलफल गरी समस्या समाधानको पहल गर्ने र विकासको कार्यक्रमहरुलाई प्रभावकारी किसिमले परिचालन गरिनेछ

# परिच्छेद:६

## ६. आ.व. २०८१/०८२ मा सम्पन्न भएका केही महत्त्वपूर्ण कार्यक्रमहरुको प्रतिवेदन

६.१ संघीय विशेष तथा समपूरक अनुदान कार्यक्रम

**मितिः** २०८१/११/०१ गते

**स्थानः** प्रदेश नीति तथा योजना आयोग, मधेश प्रदेश।

**शिर्षकः संघीय विशेष अनुदान र समपूरक अनुदान सम्बन्धी अभिमूखिकरण तथा छलफल कार्यक्रम**

# आ.व. २०८२/८३ विशेष तथा समपूरक अनुदानका लागि छनौट भएका आयोजनाहरुः

| क्रम | शुरु आ.व. | अनुदान | आयोजना/कार्यक्रमको नाम | आयोजनाको कुल लागत (रु. लाखमा) | आ.व. २०८२/८३ नेपाल सरकार अनुदान (रु. लाखमा) | आ.व. २०८२/८३ प्रदेश सरकारले व्यहोर्ने (रु. लाखमा) | अवधि (वर्ष) | किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | आ.व. २०८२/८३ | विशेष | खाद्य सुरक्षा र एकिकृत पोषण परियोजना (गर्भवति, सुत्केरी तथा बालबालिका) | 1,000 | 600 | - | १ | नयाँ | |
| २ | आ.व. २०८२/८३ | विशेष | व्यवसायिक उखु खेती परियोजना | 1,000 | 600 | - | १ | नयाँ | |
| ३ | आ.व. २०८२/८३ | विशेष | मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान वर्थिङ सेन्टर सामग्री खरिद | 850 | 595 | - | १ | नयाँ | |
| ४ | आ.व. २०८२/८३ | विशेष | कृषि महिला स्वयंसेवक परिचालन | 1,000 | 500 | - | १ | नयाँ | |
| ५ | आ.व. २०८२/८३ | विशेष | उद्यमशीलता विकासको लागि सघाउ पुग्नेगरी उपकरण प्रविधि र वित्तीय एंव बजार पहुच | 1,000 | 600 | - | १ | नयाँ | |
| ६ | आ.व. २०८२/८३ | विशेष | प्रादेशिक अस्पतालहरुमा Electronic Medical Record (EMR) प्रणाली जडान | 800 | 550 | - | १ | नयाँ | |
| ७ | आ.व. २०८२/८३ | विशेष | शैक्षिक विकासका लागि परियोजना | 995 | 500 | - | १ | नयाँ | |
| १ | आ.व. २०८२/८३ | समपूरक | सीतापुर भंगाहा, सिग्याही लोहारपट्टी, पिपराढी, मधेपुरा तपनपुर सडक | 2,000 | 413 | 275 | ३ | क्रमागत | |
| २ | आ.व. २०८२/८३ | समपूरक | खयरमारा चनौटे, छोडके सुकेडाडा, राईमारा हुँदै मदन भण्डारी राजमार्ग महोत्तरी | 4,163 | 404 | 269 | ३ | क्रमागत | |
| ३ | आ.व. २०८२/८३ | समपूरक | मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान शैक्षिक भवन निर्माण | 2,773 | 330 | 220 | २ | नयाँ | |
| ४ | आ.व. २०८२/८३ | समपूरक | सामुदायिक विद्यालय दिवा खाजाका लागि मोडुलर किचेन निर्माण | 2,969 | 355 | 237 | २ | नयाँ | |
| ५ | आ.व. २०८२/८३ | समपूरक | सडक सुरक्षा कार्यक्रम | 2,852 | 340 | 227 | २ | नयाँ | |
| ६ | आ.व. २०८२/८३ | समपूरक | सम्सी टेंगर रामगोपालपुर न.पा. कुर्था महोत्तरी | 2,997 | 360 | 240 | २ | नयाँ | |
| ७ | आ.व. २०८२/८३ | समपूरक | दुधमती नदी उत्खनन् तथा विकास कार्य | 3,000 | 360 | 240 | ३ | नयाँ | |
| ८ | आ.व. २०८२/८३ | समपूरक | कल्याणपुर १२ बेल्हाको सिमाना देखि सिरहा १२ सारस्वर हुँदै सदरमुकाम सम्म सडक, सिरहा | 2,964 | 355 | 237 | २ | नयाँ | |
| ९ | आ.व. २०८२/८३ | समपूरक | लालापट्टी भलुवाही सिंचाई योजना | 2,625 | 315 | 210 | २ | नयाँ | |
| १० | आ.व. २०८२/८३ | समपूरक | ट्रमा सेन्टर निर्माण, सिरहा | 2,936 | 350 | 233 | ३ | नयाँ | |
| | | | | **35,924** | **7,527** | **2,388** | | | |

# नीति संवाद कार्यक्रम

## ६.१ दोस्रो नीति संवाद कार्यक्रम

**मिति:** २०८१/०४/१० गते

**स्थान:** प्रदेश नीति तथा योजना आयोग, मधेश प्रदेश

**शिर्षकः शिक्षा सुधारका नविनतम आयामहरुको खोजीः मधेश प्रदेश सरकार र स्थानीय सरकारले कसरी समन्वय र सहकार्य गर्न सक्छ ?(पहिलो)**

**परिचयः**

मधेश प्रदेशको वर्तामान समस्या तथा चुनौतिहरुलाई सम्बोधन गर्दै समाधानका उपायहरु उजागर गर्न विधिवत रुपमा प्रत्येक महिनाको दोस्रो हप्ता र अन्तिम हप्ताको बिहिबार गरी मिहनामा २ दिन आयोगको वर्तामान उपाध्यक्ष डा. सोहन प्रसाद साहज्यूको नेतृत्वमा समसामयिक विषय उपर नीति संवाद कार्यक्रमको थालनी भएको छ ।यस कार्यक्रमले मधेश प्रदेश विकासमा महत्त्वपुर्ण टेवा पुर्याउने मुख्य लक्ष्य लिएको छ ।

छलफल कार्यक्रममा सहभागिहरूको तर्फ बाट यथेष्ट सुझाव तथा पृष्टपोषण प्राप्त भएको थियो । अन्त्यमा कार्यक्रमको अध्यक्षबाट छलफलमा उठेका विषयबस्तुहरू समेटेको समापन मन्तव्य सहित कार्यक्रमको समापन भएको थियो ।

६.२ (तेस्रो) नीति संवाद कार्यक्रम

मिति :- २०८१/०४/२७

स्थान :- प्रदेश नीति तथा योजना आयोग ।

**शिर्षकः जनकपुरधाममा शौचालय कहाँ र कस्तो बनाउनु पर्छ?**

६.३ (चौथौं) नीति संवाद कार्यक्रम

मिति :- २०८१/०६/१०

स्थान :- प्रदेश नीति तथा योजना आयोगको हल

**शिर्षकः मधेश प्रदेशको सिँचाईको अवस्था एवं सुझाव**

सिँचाई कृषिको लागि महत्वपूर्ण पूर्वाधार हो । मधेश प्रदेश कृषि उपजको लागि नेपालकै अग्रणी प्रदेश हो भने खाद्यान्न उत्पादन भण्डार पनि हो । आत्मनिर्भर कृषिका लागि सिँचाई सुविधाको उपलब्धता अनिर्वाय शर्त पनि हो । सिँचाईको समुचित व्यवस्था गरी तराईको समथल कृषियोग्य भूमिलाई व्यावसायिक कृषिमा उपयोग गर्न सके मधेशको मात्र नभई नेपालकै अर्थतन्त्रको मजबुत हुने देखिन्छ ।यसका लागि सम्भाव्यताको आधारमा सतह सिँचाई, भूमिगत सिँचाई तथा नयाँ प्रविधिमा आधारित सिँचाई आदि सबै सिँचाई प्रणालीको विकास हुन जरुरी छ ।

मधेश प्रदेशमा ६ लाख २ हजार ३०६ हेक्टर कृषियोग्य मध्ये ५ लाख ६५ हजार ९१ हेक्टर सिँचाई योग्य जमीन रहेको छ । अर्थात ५० प्रतिशत जमिनमा मात्र सिँचाई सुविधा विद्यमान रहेको छ । यो एउटा ठूलो समस्याको रुपमा छ ।त्यस कारण सिँचाईको के-कस्ता अवस्था छन् र

त्यसमा सुझावहरु के-के हुन सक्छ । यस सम्बन्धमा चार जना विज्ञहरुको कार्यपत्र प्रस्तुत गर्नेछन् । तत् पश्चात सरोकारवालाहरुले आफ्नो अनुभव, सुझाव र चाहना व्यक्त गर्नेछन । उक्त संवादले मधेश-प्रदेशका सम्बन्धित पक्षहरुलाई सघाउ पुर्याउने छ भनी हाम्रो नीति संवादको उद्देश्य रहेको व्यहोरा सम्पूर्ण पक्षहरुलाई जानकारी गराउन चाहन्छौं ।

## ६.४ (पाँचौ) नीति संवाद कार्यक्रम

मिति :- २०८१/०६/२७

स्थान :- प्रदेश नीति तथा योजना आयोगको हल

**शिर्षकः यातायात सवारी चालक अनुतिपत्र प्रणालीमा स्वचालन**

### विषय प्रवेश/ पृष्ठभूमि

Digital Transformation, digitization & digitalization आजको सभ्य समाजको अपरिहार्य आवश्यकता रहेकोले प्रदेश सरकारको नीति तथा कार्यक्रममा १८२ बुँदामा उल्लेख गरीएको व्यवस्था अनुसार ट्राइल सेन्टरहरूलाई Automation को माध्यमबाट व्यवस्थीत गर्नको लागि सरोकारवालाहरूसँग, विज्ञहरूसँग संवाद राखिएको छ। यस संवादमा तीन जना विज्ञहरूले कार्यपत्र प्रस्तुत गर्नेछन् । तत् पश्चात सरोकारवालाहरूले आफ्नो अनुभव, सुझाव र चाहना व्यक्त गर्नेछन् । उक्त संवादले सम्बन्धित पक्षहरूलाई यस परियोजनालाई सफल बनाउनको लागि चाहिने अवधारणागत

तयारीहरू गर्न, Feasibility अध्ययन गर्न, Terms of Reference तयार गर्न सघाउ पुर्‍याउनेछ ।

**कार्यक्रममा सहभागिता**

यस कार्यक्रममा डा. अञ्जय कुमार मिश्र, सदस्य- कार्यकारी बोर्ड, Ph.D, Post Doc OSHPN, विज्ञ, Occuptional Safetys & Health श्री मुकेश रेग्मी- उपसचिव (आइ टि), यातायात व्यवस्था विभाग, काठमाडौं र श्री रन्जित यादव- वरिष्ठ उपसचिव, श्रम तथा यातायात मन्त्रालय, मधेश प्रदेश वक्ताका रुपमा रहेका थिए भने अन्य आमन्त्रित सहभागीहरुमा प्रदेशस्थित मन्त्रालयका सचिवज्यूहरु, विषयक्षेत्रगत विज्ञ र यस प्रदेश नीति तथा योजना आयोगका पदाधिकारी र कर्मचारी लगायत जम्मा ५० जनाको सहभागिता रहेको थियो।

**कार्यक्रम संचालन अवधि र विवरण**

कार्यक्रम संचालन सम्बन्धि प्रस्तावमा उल्लेख भए बमोजिमकै तालिकामा कार्यक्रम संचालन गरियो।कार्यक्रमको शुभारम्भ आसन ग्रहण अध्यक्षता ग्रहण लगायत राष्ट्रगान पछि स्वागत तथा कार्यक्रमको उद्देश्य यस प्रदेश नीति तथा योजना आयोगका सदस्य माननीय डा. शिला मिश्रज्यूबाट स्पष्ट भयो।त्यसपछि विषयक्षेत्रगत विज्ञबाट पालैपालो प्रस्तुतिकरण भएपछि श्रोताबाट केही जिज्ञासाहरु आए र विज्ञहरुले तो जिज्ञासा सम्बोधन गर्ने कोसिस गर्नुभयो।त्यसपछि नीति आयोगका सदस्य सचिव श्री सुवास चन्द्रकोटीज्यूले आफ्नो छोटो मन्तव्य राख्नुभयो।अन्त्यमा यस आयोगका उपाध्यक्ष मा डा सोहन प्रसाद साहले आफ्नो मन्तवय राख्दै कार्यक्रमको

समापन गर्नुभयो। समग्रमा कार्यक्रम उपलब्धीमूलक रहेको भन्ने धारणा सहभागीहरुले मनतव्य मार्फत व्यक्त गर्नु भएको थियो।

## ६.५ (छैठो) नीति संवाद कार्यक्रम

मिति :- २०८१/०७/०८

स्थान :- प्रदेश नीति तथा योजना आयोगको हल

**शिर्षक: मधेश प्रदेशमा खाद्य सुरक्षाका बहुआयामिक चुनौतिहरु कस्ता छन्**

## ६.७ (सातो) नीति संवाद कार्यक्रम

मिति :- २०८१/०८/२५

स्थान :- प्रदेश नीति तथा योजना आयोगको हल

**शिर्षक: दलित सशक्तिकरणका लागि कस्तो पहल आवश्यक छ ।**

## ६.८ (आठौं) नीति संवाद कार्यक्रम

मिति :- २०८१/०९/२५

स्थान :- प्रदेश नीति तथा योजना आयोगको हल

**शिर्षक: मधेश प्रदेशको बजेट तर्जुमा प्रक्रियालाई व्यवस्थित गर्न के गर्नु पर्छ**

**कार्यक्रमका केहि झल्कहरु**

६.९ (नवौ) नीति संवाद कार्यक्रम

मिति :- २०८२/०२/२२

स्थान :- प्रदेश नीति तथा योजना आयोगको हल

**शिर्षक: दलित महिला माथि भेदभाव तथा छुवाछूतका र लैङ्गिक विभेद**

मधेश प्रदेशमा दलित महिलाहरूले दोहोरो विभेदको सामना गरिरहेका छन्: एकातिर जातीय छुवाछुत र भेदभाव र अर्कोतिर लैङ्गिक विभेद। यी दुवै समस्याले उनीहरूको जीवनमा गहिरो नकारात्मक प्रभाव पारेको छ।

समस्याहरू:

**जातीय छुवाछूत र भेदभाव:**

- ❖ सार्वजनिक स्थलमा विभेद: मन्दिर, पानीका धारा, सार्वजनिक यातायात र पसलहरूमा दलित महिलाहरूलाई छुवाछूत गरिन्छ र विभेदपूर्ण व्यवहार गरिन्छ।
- ❖ सामाजिक बहिष्कार: विवाह, चाडपर्व र अन्य सामाजिक कार्यक्रमहरूमा उनीहरूलाई अलग्याइन्छ।
- ❖ शिक्षामा पहुँचको कमी: जातीय विभेदका कारण विद्यालयमा पनि उनीहरूलाई हेय दृष्टिले हेर्ने, शिक्षकहरूबाट उचित व्यवहार नपाउने र सहपाठीहरूबाट टाढिने समस्याले शिक्षामा पहुँच र निरन्तरतामा बाधा पुग्छ।
- ❖ स्वास्थ्य सेवामा विभेद: स्वास्थ्य संस्थाहरूमा पनि दलित महिलाहरूलाई भेदभावपूर्ण व्यवहार गरिने, सेवा ढिलो दिइने वा उपेक्षा गरिने समस्या छ।

- जग्गाको स्वामित्वमा वञ्चित: धेरैजसो दलित महिलाहरू भूमीहीन छन् र उनीहरूलाई जग्गाको स्वामित्वबाट वञ्चित गरिन्छ।
- रोजगारमा विभेद: परम्परागत पेशामा सीमित गरिनु, गैरदलितको तुलनामा कम ज्याला दिइनु र रोजगारीका अवसरहरूमा विभेद गरिनु।

**लैङ्गिक विभेद:**

- निर्णय प्रक्रियामा पहुँचको कमी: घर परिवार र समुदायका महत्त्वपूर्ण निर्णयहरूमा उनीहरूको सहभागिता न्यून हुन्छ।
- घरेलु हिंसा: दलित महिलाहरूमाथि जातीय विभेदसँगै लैङ्गिक हिंसा, दुर्व्यवहार र शोषणको जोखिम बढी हुन्छ।
- कमजोर आर्थिक अवस्था: जातीय र लैङ्गिक दुवै विभेदका कारण उनीहरूको आर्थिक अवस्था कमजोर हुन्छ। उनीहरूलाई सम्पत्तिमाथि अधिकारबाट वञ्चित गरिन्छ।
- शिक्षा र स्वास्थ्यमा असमान पहुँच: छोराहरूको तुलनामा छोरीहरूलाई शिक्षामा कम प्राथमिकता दिइन्छ, जसले दलित महिलाहरूको शैक्षिक अवस्था अझ कमजोर बनाउँछ।
- सामाजिक रुढीवादी परम्परा: बालविवाह, दाइजो प्रथा र घुम्टो प्रथा जस्ता सामाजिक कुरीतिले दलित महिलाहरूको जीवनलाई अझ जटिल बनाउँछ।

**समाधानका उपायहरू:**

- कानुनी र नीतिगत सुधार तथा कार्यान्वयन:
- छुवाछूत र भेदभाव विरुद्धका कानुनहरूको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ। दोषीलाई कडा कारबाही गर्नुपर्छ।
- दलित महिलाको अधिकार सुनिश्चित गर्ने नीतिहरू निर्माण र कार्यान्वयनमा जोड दिनुपर्छ।
- स्थानीय सरकारले दलित महिलाको सशक्तिकरणका लागि विशेष कार्यक्रम र बजेट विनियोजन गर्नुपर्छ।

**जनचेतना अभिवृद्धि:**

- छुवाछूत, भेदभाव र लैङ्गिक विभेद विरुद्ध जनचेतना फैलाउने अभियानहरू सञ्चालन गर्नुपर्छ। यसमा स्थानीय अगुवा, धार्मिक नेता र युवाहरूको संलग्नता आवश्यक छ।
- विद्यालयका पाठ्यक्रममा जातीय समानता र लैङ्गिक संवेदनशीलता सम्बन्धी विषयवस्तु समावेश गर्नुपर्छ।
- सञ्चार माध्यमहरूले जातीय विभेद र लैङ्गिक असमानताका मुद्दाहरूलाई प्राथमिकता दिनुपर्छ।

**आर्थिक सशक्तिकरण:**

- दलित महिलाहरूलाई स्वरोजगारका लागि तालिम, सहुलियतपूर्ण ऋण र बजार पहुँचको व्यवस्था गर्नुपर्छ।

- ❖ भूमिहीन दलित महिलाहरूलाई जग्गा उपलब्ध गराउने कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ।
- ❖ रोजगारीका अवसरहरूमा दलित महिलाहरूको समान पहुँच सुनिश्चित गर्नुपर्छ।

**शिक्षामा पहुँचः**

- ❖ दलित बालिका र महिलाहरूको शिक्षामा पहुँच बढाउनका लागि विशेष छात्रवृत्ति, निःशुल्क शिक्षा र प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ।
- ❖ विद्यालयहरूमा दलितमैत्री वातावरण निर्माण गर्नुपर्छ।

**नेतृत्व विकास र क्षमता अभिवृद्धिः**

- ❖ दलित महिलाहरूलाई राजनीतिक, सामाजिक र आर्थिक निर्णय प्रक्रियामा सहभागी गराउनका लागि नेतृत्व
- ❖ उनीहरूलाई आफ्ना हक अधिकारका बारेमा जानकारी गराउनुपर्छ र सशक्त बनाउनुपर्छ।

**सामाजिक अभियान र पैरवीः**

- ❖ दलित अधिकारकर्मी, मानव अधिकारवादी संघसंस्था र नागरिक समाजले जातीय विभेद र लैङ्गिक असमानता विरुद्ध निरन्तर पैरवी र अभियान सञ्चालन गर्नुपर्छ।

❖ दलित र गैर-दलित समुदायबीच संवाद र सहकार्यलाई प्रोत्साहन गर्नुपर्छ।

मधेश प्रदेशमा दलित महिलामाथि हुने भेदभाव र लैङ्गिक विभेदको अन्त्य गर्नका लागि सरकार, नागरिक समाज, समुदाय र व्यक्ति सबैको सामूहिक प्रयास अपरिहार्य छ। जबसम्म दलित महिलाहरूले समान हक र अवसर प्राप्त गर्दैनन्, तबसम्म समाजमा वास्तविक समानता र न्याय स्थापना हुन सक्दैन।

## ६.१० पहिलो प्रदेश विकास समस्या समाधानको बैठक

मितिः २०८१/१२/२५

स्थानः- भौतिक पूर्वाधार विकास मन्त्रालयको सभाहल

माननीय मुख्यमन्त्री सतिस कुमार सिंहज्यूको अध्यक्षतामा भएको थिए ।

# कार्यक्रमहरुका केहि दृष्य







# कार्यक्रमहरुका केहि दृष्य













# कार्यक्रमहरुका केहि दृष्य








# अनुसूची १

## प्रदेश सरकारको मन्त्रालय/निकायगत तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना अनुमान तथा प्रक्षेपण (रु हजार)

### तालिका १३: प्रदेश सरकारको मन्त्रालय/निकायगत तीन आर्थिक वर्षको खर्च अनुमान तथा प्रक्षेपण ( रु हजारमा )

| क्र.सं. | विषयगत मन्त्रालय/कार्यालय | आर्थिक वर्ष २०८०/०८१ | | | आर्थिक वर्ष २०८१/०८२ | | | आर्थिक वर्ष २०८२/०८३ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल जम्मा | चालु | पूँजीगत | कुल जम्मा | चालु | पूँजीगत | कुल जम्मा | चालु | पूँजीगत |
| १ | प्रदेश सभा | ४१४२८५ | ३७०२८५ | ४४००० | ४५५७१३.५ | ४०७३१४ | ४८४०० | ५०१२८५ | ५३२४० | ५०१२८५ |
| २ | प्रदेश लोक सेवा आयोग | १२६२१६ | ९८२९७ | २७९१९ | १३८८३८ | ३०७११ | १३८८३८ | १५२७२१ | ३३७८२ | १५२७२१ |
| ३ | मुख्य न्यायाधिवक्ताको कार्यालय | ३७०८७ | ३२६८७ | ४४०० | ४०७९६ | ४८४० | ४०७९६ | ४४८७५ | ५३२४ | ४४८७५ |
| ४ | मुख्यमन्त्रि तथा मं. प. कार्यालय | ५४०८८७ | ४४६५४५ | ९४३८२ | ५९४९७६ | १०३७७६ | ५९४९७६ | ६५४४७३ | ११४१५४ | ६५४४७३ |
| ५ | अर्थ मन्त्रालय | ३३६६५२ | ३०४७२२ | ३१९३० | ३७०३१७ | ३५१२३ | ३७०३१७ | ४०७३४९ | ३८६३५ | ४०७३४९ |
| ६ | उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय | १६४६७६६ | २६०५११ | १३८६२५५ | १८११४४३ | १५२४८८१ | १८११४४३ | १९९२५८७ | १६७७३६९ | १९९२५८७ |
| ७ | शिक्षा तथा समाज कल्याण मन्त्रालय | २६२८५२७ | १२९७५७२ | १३३०९५५ | २८९१३८० | १४६४०५१ | २८९१३८० | ३१८०५१८ | १६१०४५६ | ३१८०५१८ |
| ८ | ऊर्जा, सिँचाई तथा खानेपानी मन्त्रालय | ५९९२४६३ | १३९१९३६ | ४६००५२७ | ६५९१७०९ | ५०६०५८० | ६५९१७०९ | ७२५०८८० | ५५६६६३८ | ७२५०८८० |
| ९ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ६२८८९४ | १७१२२० | ४५७६७४ | ६९१७८३ | ५०३४४१ | ६९१७८३ | ७६०९६२ | ५५३७८६ | ७६०९६२ |
| १० | गृह, सञ्चार तथा कानून मन्त्रालय | १८३०८०२ | १०३३६२६ | ७९७१७६ | २०१३८८२ | ८७६८९४ | २०१३८८२ | २२१५२७० | ९६४५८३ | २२१५२७० |


| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | वन तथा वातावरण मन्त्रालय | १२१९०८१८ | १०१०३३१७ | १११८०५०१ | १३४०९९०० | १२२९८५५१ | १३४०९९०० | १४७५०८९० | १३५२८४०६ | १४७५०८९० |
| १२ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ३८४९१२५ | १७९८५१८ | २०५०६०७ | ४२३४०३८ | २२५५६६८ | ४२३४०३८ | ४६५७४४१ | २४८१२३४ | ४६५७४४१ |
| १३ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ५४७३४७८ | ३५१०८१३ | १९६२६६५ | ६०२०८२६ | २१५८९३२ | ६०२०८२६ | ६६२२९०८ | २३७४८२५ | ६६२२९०८ |
| १४ | श्रम तथा यातायात मन्त्रालय | ९८०५८५ | ७६२५१८ | २१८०६७ | १०७८६४४ | २३९८७४ | १०७८६४४ | ११८६५०८ | २६३८६१ | ११८६५०८ |
| १५ | प्रदेश नीति तथा योजना आयोग | ११०००० | १००००० | १०००० | १२१००० | ११००० | १२१००० | १३३१०० | १२१०० | १३३१०० |
| १६ | अर्थ बिबिध | ५२३५७४३ | ३७३५७४३ | १५००००० | ५७५९३१७ | १६५०००० | ५७५९३१७ | ६३३५२४९ | १८१५००० | ६३३५२४९ |
| १७ | अर्थ — आन्तरिक ऋण भूक्तानी | २००००० | २००००० | ० | २२०००० | ० | २२०००० | २४२००० | ० | २४२०० |
| १८ | स्थानीय तह तथा अनुदान | १८९२३०४ | १८९२३०४ | ० | २०८१५३४ | ० | २०८१५३४ | २२८९६८८ | ० | २२८९६८८ |
| | प्रदेश जम्मा प्रस्तावित बजेट | ४४११४६२२ | १८४१७६१४ | २५६९७०१८ | २०२५९३७५ | २८२६६७२० | ४८५२६०९५ | ५३३७८७०५ | ३१०९३३९२ | ५३३७८७०५ |

अनुसूची २

**मधेश प्रदेशको आ.व. २०८१/८२ मा प्राप्त राजस्वको विवरण।**

तालिका १४: आ.व. २०८१/८२ मा प्राप्त राजस्वको विवरण।

| क.स. | राजस्वको किसिम | रकम (रु.लाखमा) |
|---|---|---|
| १ | बाडफाँटबाट प्राप्त मु. अ. कर | १३७४३.५६ |
| २ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ०.३२२५८ |
| ३ | यातायात क्षेत्र | ३५.९८३८५ |
| ४ | वन क्षेत्रको रोयल्टी | ११.२७१ |
| ५ | चालक अनुमति पत्र, सवारी दर्ता किताब सम्बन्धी दस्तुर | ११६.७०३२ |
| ६ | अन्य | ५१९३.३०३ |
| | **जम्मा** | १९१०१.१४ |


११६.७०३२
५१९३.३०३
११.२७१
३५.९८३८५
१३७४३.५६
०.३२२५८
बाडफाँटबाट प्राप्त मु. अ. कर
कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम
यातायात क्षेत्र
वन क्षेत्रको रोयल्टी
चालक अनुमति पत्र, सवारी दर्ता किताब सम्बन्धी दस्तुर
अन्य

# अनुसूची ३

## मधेश प्रदेशको आ.व. २०८१/८२ को मन्त्रालयगत/निकायगत खर्च प्रगति विवरण

### तालिका १५: मधेश प्रदेशको आ.व. २०८१/८२ को मन्त्रालयगत/निकायगत खर्च प्रगति विवरण

| क.सं. | मन्त्रालय/ निकाय | बजेट (रु हजारमा) | | | निकासा/खर्च(रु हजारमा) | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा |
| 1. | प्रदेश सभा | ३९८९८७ | ९९२०० | ४९८१८६ | ३१९६७० | ५७१२१ | ३७६७९१ | ८०.१ | ५७.६ | ७५.६ |
| 2. | प्रदेश लोक सेवा आयोग | १०३२६५ | २५५६६ | १२८८३१ | ८९४०३ | १५७६५ | १०५१६९ | ८६.६ | ६१.७ | ८१.६ |
| 3. | मुख्य न्यायाधिवक्ताको कार्यालय | ३०२०० | ४००० | ३४२०० | २६८१९ | २९९१ | २९८११ | ८८.८ | ७४.८ | ८७.२ |
| 4. | मख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४२४९६६ | ५४४४२ | ४७९४०८ | १४००८२ | २३१९९ | १६३२८१ | ३३.० | ४२.६ | ३४.१ |
| 5. | अर्थ मन्त्रालय | १३७३४७ | १७७७० | १५५११७ | ११३८२५ | १५४८५ | १२९३११ | ८२.९ | ८७.१ | ८३.४ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 6. | उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय | २९६२७० | २५५६१८२ | २७५२४५१ | २२१३०४ | १८०५८८३ | २०२७१८७ | ७४.७ | ७०.६ | ७३.७ |
| 7. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २३७५११२ | २०३९७७ | २५७९०८९ | ९९५९१८ | १२७०९१ | ११२३००९ | ४१.९ | ६२.३ | ४३.५ |
| 8. | ऊर्जा सिँचाई तथा खानेपानी मन्त्रालय | ४२२२४३ | ५२७३३४६ | ५६९५५८८ | २५७६९३ | ४०१३७७७ | ४२७१४७१ | ६१.० | ७६.१ | ७५.० |
| 9. | गृह, संचार तथा कानून मन्त्रालय | २५७२०४ | ४५१०८३ | ७०८२८७ | १४२३९१ | ३७४०८९ | ५१६४८१ | ५५.४ | ८२.९ | ७२.९ |
| 10. | वन तथा वातावरण मन्त्रालय | १२७४५८३ | १२१६०५३ | २४९०६३७ | ८९२७०२ | १०३६१९९ | १९२८९०१ | ७०.० | ८५.२ | ७७.४ |
| 11. | भौतिक पूर्वाधार विकास मन्त्रालय | ५८४७६३ | १३७१०९४७ | १४२९५७१० | ४५९४६१ | १०७१९७९५ | १११७९२५७ | ७८.६ | ७८.२ | ७८.२ |
| 12. | खेलकुद तथा सामाज कल्यान मन्त्रालय | ४९५६३३ | १२४३८९० | १७३९५२२ | २४३९८२ | ९६१६२२ | १२०५६०५ | ४९.२ | ७७.३ | ६९.३ |


| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 13. | शिक्षा तथा संस्कृति मन्त्रालय | ९३६७९४ | १५७२९७० | २५०९२१४ | ६७२६१५ | १२६७२७७ | १९३९८९३ | ७१.८ | ८०.६ | ७७.३ |
| 14. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ३४४९७४४ | १८१९८८० | ५२६९६२३ | २४५७१८१ | ९९५९४३ | ३४५३१२४ | ७१.२ | ५४.७ | ६५.५ |
| 15. | श्रम तथा यातायात मन्त्रालय | ६०८३६२ | २२३२४९ | ८३०५६२ | २३९२९२ | ७७९३६ | ३१७२२८ | ३९.३ | ३४.९ | ३८.२ |
| 16. | प्रदेश नीति तथा योजना आयोग | ४४९६० | ५४४० | ५०४०० | २६५५३ | ३७५२ | ३०३०६ | ५९.१ | ६९.० | ६०.१ |

अनुसूची ४

**मधेश प्रदेशको ७ आर्थिक वर्षको बेरुजुको अवस्था**

**तालिका १६: मधेश प्रदेशको ७ आर्थिक वर्षको बेरुजुको अवस्था**

| आ.व. | बेरुजु (रु करोडमा) | प्रतिशत |
|---|---|---|
| २०७४/७५ | १६.४६ | २३.७१ |
| २०७५/७६ | १८२.५३ | ७.०९ |
| २०७६/७७ | १७२.३२ | ५.३९ |
| २०७७/७८ | १८१.१६ | ४.६१ |
| २०७८/७९ | ८०.६८ | १.८७ |
| २०७९/८० | १८५.४२ | ३.८७ |
| २०८०/८१ | ११६.३८ | २.५३ |



मधेश प्रदेशको ७ आर्थिक वर्षको बेरुजुको अवस्था
25
20
15
10
5
0
23.71
7.09
5.39
4.61
1.87
3.87
2.53
2074/75
2075/76
2076/77
2077/78
2078/79
2079/80
2080/81
आ.व.

अनुसूची ५

## मधेश प्रदेशले गरेको स्थानीय तहमा वित्तीय हस्तान्तरण

**तालिका १७: मधेश प्रदेशले गरेको स्थानीय तहमा वित्तीय हस्तान्तरण**

| आर्थिक वर्ष | समानिकरण | सशर्त | समपूरक | विशेष |
|---|---|---|---|---|
| २०८१/८२ | ११.८१ | १२.२ | ३ | ४ |
| २०८०/८१ | ११६.७२ | ० | ५.३७ | १९.३५ |
| २०७९/८० | १२६.८४ | १८९.९ | १०.०५ | ३०.९९ |
| २०७८/७९ | ११९.२९ | १६२.८५ | १९.६३ | ३१.९७ |
| २०७७/७८ | ९९.५७ | १२९.०४ | २६.१८ | ४०.३८ |
| २०७६/७७ | ९७.७६ | ९९.४६ | २.९८ | ४.१३ |
| २०७५/७६ | ४० | ८३.५६ | ० | ० |


स्थानीय तहमा वित्तीय हस्तान्तरण
२०७५/७६
२०७६/७७
२०७७/७८
२०७८/७९
२०७९/८०
२०८०/८१
२०८१/८२
०
०
८३.५६
४०
४.१३
२.९८
९९.४६
९७.७६
४०.३८
२६.१८
१२९.०४
९९.५७
३१.९७
१९.६३
१६२.८५
११९.२९
३०.९९
१०.०५
१८९.९
१२६.८४
१९.३५
५.३७
०
११६.७२
४
३
१२.२
११.८१
०.
२०.
४०.
६०.
८०.
१००.
१२०.
१४०.
१६०.
१८०.
२००.
विशेष
समपूरक
सशर्त
समानिकरण